(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)



खानेपानी योजनाहरु निर्माण तथा सञ्चालन आयोजनाहरुको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३/०७/१५)

कर्णाली प्रदेश, सल्यान जिल्ला, कालिमाटी गाँउपालिकामा खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, सल्यान द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, खलङ्गा, सल्यान mwidsdno.2@gmail.com, ९८५७८५५००६
प्रस्तावको व्यहोरा	कालिमाटी खानेपानी आयोजना निर्माण तथा संचालन योजना अन्तर्गत इन्टेक, संकलन च्याम्बर, पानी भण्डारण ट्यांकी, सोलार प्यानल जडान तथा आवश्यक सहायक संरचनासहित प्रसारण र वितरण पाइपलाइन निर्माण गरिने छन्। कालिमाटी गाउँपालिका वडा नं. १, २, ३, ४ र ५ का स्थानीयलाई सुरक्षित तथा दिगो खानेपानी सेवा उपलब्ध गराउने उद्देश्यले गरिएको योजनाहरु मध्ये वडा ५ मा अवस्थित काल्चे लिफ्ट खानेपानी योजनाले मुहान क्षेत्रमा १२ घन मिटरको सिमेण्ट कंक्रिट संरचना निर्माण, सोलार प्यानल संरचना निर्माण तथा पाईप विछ्याउने र वडा नं. २ र ३ को खरौटे मर्चाबारी लिफ्ट खानेपानी आयोजनाले ३० घन मिटर रिजर्भोएर ट्याङ्क निर्माण तथा पाइप संरचनाको लागि वन क्षेत्र प्रयोग गर्ने छ।
प्रभाव पर्न सक्ने जिल्ला/गा.पा./वडाहरु	सल्यान/कालिमाटी, वडा १, २, ३, ४ र ५

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

रायसुझावका लागि पत्राचार गर्ने ठेगाना

खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, खलंगा, सल्यान, कर्णाली प्रदेश

आधिकारिक व्यक्तिः ई. तारा केशर वाग्ले, कार्यालय प्रमुख

सम्पर्क नं.: ९८४९०७४५९८, ९८५७८५५००६

इमेलः mwidsdno.2@gmail.com